नगर कार्यपालिकाको ५४ औं बैठक

आज मिति २०८२।०५।०२ गतेका दिन बालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छबिलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक वहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत

जे.स्वा.अ.- कमल प्र. पाण्डे

लै.अ.- इश्वरी प्र. तिवारी

निर्णय नं. - १,

मिति २०८२।०३।०६ गतेको कार्यपालिका बैठकको निर्णयहरुको समर्थन गरियो।

निर्णय नं. - २,

वालिङ नगरपालिका वडा नं. - १० मा पर्यटन स्टेडियम निर्माणका लागि भारतीय दुतावासलाई अनुरोध गर्ने साथै - पर्यटन डेकरत निर्माण गर्दा लाग्ने रकमका नियमानुसार लागत साझेदारी व्यहोर्ने निर्णय गरियो।

निर्णय नं. - ३,

वालिङ नगरपालिकाका सामुदायिक तथा निजी वनहरुमा पाइने जडिबुटीको खेति, प्रशोधन र बजारीकरणको विषयमा वा.न.पा.का जनप्रतिनिधिहरु, कर्मचारीहरु राजनीतिक दलका प्रमुख/प्रतिनिधीहरु, तथा अन्य सरोकारवाला हरुलाई भारतको उत्तराखण्ड हरिद्वार स्थित पतञ्जलि योगपीठ र धार्मिक पुरातात्विक तथा ऐतिहासिक शहरहरु, उत्तराखण्ड, दिल्ली, उत्तरप्रदेश आदी समेतका स्थानहरुमा अध्ययन - अवलोकन भ्रमणगर्ने साथै पतञ्जली योगपिठ/पतञ्जली अनुसन्धान प्रतिष्ठान भारत, पतञ्जली योगपिठ नेपाल र वालिङ नगरपालिका बिच मूल्यश्रृंखला सम्बन्धमा आधारीत जडिबुटी उत्पादन तथा निर्यात सम्बन्धी MOU समेत गर्ने निर्णय गर्ने निर्णय गरियो।

निर्णय नं. - ४,

वालिङ नगरपालिका नगर शिक्षा समितिको सदस्य पदमा हाल सम्म रहेको योगदानको उच्च कदर गर्दै नगर शिक्षा समिति सदस्य श्री यामकान्त सुवेदीलाई सदस्यबाट बिदाई गर्ने र उक्त रिक्त रहेको सदस्य पदमा वा.न.पा.-८ निवासी श्री कृष्णकान्त कोइरालालाई सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो।

निर्णय नं. - ५,

यस वालिङ नगरपालिका कार्यालयद्वारा विगत आ.व. तथा चालु आ.व. २०८१।०८२ मा निर्माण कार्यका लागी ठेक्का सम्झौता भएका तर विविध कारणबाट उक्त योजनाहरुको

→

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आ.व. २०८२/२०८३

आर्थिक वर्ष २०८१/२०८२ तथा विगत आ.व. को ठेक्का दायित्व भुक्तानी बाँकी तथा म्याद थपको विवरण/म.ले.प.फाराम न. १२१/१८

| सि.न. | ठेक्का नम्बर | योजनाको नाम | कू लागत ल.इ.कन्टेन्जेन्सी समेत | सूचना प्रकाशन मिति | न्यून भएको निर्माण व्यसायी/फर्मको नाम, प्यान न | सम्झौता मिति | सम्झौता रकम | आ.व. २०८१/२०८२ मा भएको खर्च | आ.व. २०८२/२०८३ मा दायीत्व सरेको रु. | कैफियत/ म्याद थप समय सिमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | १/२०८१/२०८२ | सुकौदी इप्रका गव्दे हुदै कागीभज्याङ्ग सडक स्तरोउन्ती वालिङ ९ र ११ | २०००४५१४.७४ | २०८१।०६।१४ | देवत्री सरोवर ईन्जिनियरिङ बिल्डर्स प्रन.लि. | २०८१।८।१९ | ११८६७४३८.०३ | ८३७०२३८.०० | ३४९७२००.०३ | २०८२ साल पौष मसान्तसम्म |
| २ | २/२०८१/२०८२ | रामबाच्छा कसेदी रत्ले बजरडडा सिरुवारे धौखोला पातलेगैरा सिमलचौपारी ग्रामिण सडक नाला तथा पिच कार्य | २७७६८०८४.०० | २०८१।६।९ | दर्शन कन्स्ट्रक्सन प्रा.लि. | २०८१।१०।११ | ११९८१७७०.५१ | १६१५१४१९.७२ | ३०४०३५०.७९ | २०८३ साल पौष मसान्तसम्म |
| ३ | ५/२०८१/२०८२ | सिद्धार्थ राजमार्ग वोडिखेत देखि रामबाच्छ बांसघारी, वालिङ नयाबजार, भि.आई पी टोल, पुरानो भेटनरी, सिमलचौपारी चोक स्वास्थ्य चौकी, नगरपालिका कार्यालय गेटदेखी उपकार वचत वालिङ | १०१४५०२५.१० | २०८१।१०।१ | श्री मिलन निर्माण सेवा | २०८१।१२।१५ | ८५६६०३१.८२ | ५९३४८५४.०० | २६३११७७.८२ | २०८६ साल पौष मसान्तसम्म |
| ४ | ६/२०८१/२०८२ | वालिङ आधिखोला कोरीडोर अन्तर्गत अर्मादीखोलामा पुल निर्माण तथा तटबन्धन कार्य वालिङ १,६,८,९,१०,११ र १३ | ४४६६१४९८.४३ | २०८१।१०।११ | श्री डि एस निर्माण सेवा/यस वाई कन्स्ट्रक्सन एण्ड जे.भी. | २०८२।१।२२ | ३३७०९६८८.५१ | १४२०९५२२.०० | १९५००१६६.५१ | सम्झौताको समय अवधि सम्मको सिमा तोकिए बमोजीम |
| | | | | | | | ७३३२४९२८.८७ | ४४६४६०३३.७२ | २८६६८८९५.१४ | |

| सि.न. | ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत | ठेक्का सम्झौता रकम | चालु आ.व. २०८०/२०८१ मा भुक्तानी | आ.व.२०८१/२०८२ मा भुक्तानी | आ.व.२०८२/२०८३ मा भुक्तानी दायीत्व सरेको/ बाकी | कैफियत/ म्याद थप समय सिमा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०८०/२०८१ | रामबाच्छा कसेदी रत्ले बजडाडासिरुवारे धौखोला पात्लेगैरा सिमलचौपारी ग्रामीण सडक नाला तथा पिच कमागत-वालिङ २ | आकृती आधिखोला खुशि जे.भी./ ६२०९७४३६१ | ३००९२८४६.०० | १८८०११७८.८४ | ९२४४४२५.०० | ४६२३८८०.०० | ४९३२८७३.८४ | २०८२ साल पौष मसान्तसम्म |
| २ | ५/२०८०/२०८१ | वडा कार्यालय भवन निर्माण वालिङ २ | जे.एन. एस. बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | १४५५५५९४.७३ | १०२१३८४४.०० | ४८०६२०७.०० | ३३८५४७२.६२ | २०२११६४.३८ | २०८२ साल पौष मसान्तसम्म |
| ३ | ९/२०८०/२०८२ | वालिङ नगरपालिका भरका खानेपानीका मूल रेखाङकन गुणस्तर परिक्षण गर्ने पानी रिचार्ज प्रणाली,साना कुवा तथा हरहरु संरक्षण गर्ने कार्य वालिङ १,२,९,११र १२ | बि.एण्ड बि. कन्स्ट्रक्सन पोखरा | १५६३८३७१.३४ | १२०४६९३२.४० | ४८४६६१०.०० | २५९१३३९.०० | ४६०८९८३.४० | २०८२ साल पौष मसान्तसम्म |

निर्माण कार्य सम्पन्न हुन नसकेकोले थप आर्थिक दायित्व नपर्ने गरि तपसिलमा उल्लेखित योजनाहरुको कैफियत महलमा उल्लेखित समयावधी समको लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.- ६,

यस बलिङ नगरपालिका र अन्तर्गतका कार्यालय सेवामा कार्यरत कर्मचारीहरुको निजले प्राप्त गर्ने मासिक तलब (सेवा/सुविधा) बाट स्वेच्छिक रुपमा १०% का दरले कट्टी गरि कर्मचारी संचयकोषमा जम्मा गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं. - ७

नगर सभाले पारित गरेको संगठन संरचना भित्र रहेका कर्मचारीहरुलाई तलब भत्ता। सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. - ८

यस नगरपालिका अन्तरगत रहेको गह्रौं प्राथमिक अस्पतालको संचालन तथा व्यवस्थापन समितिको उपाध्यक्षमा समितिका सदस्य श्री भरत बगालेलाई मनोनयन गर्ने निर्णय गरियो।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | फोहरमेला वयवस्थापन आयोजनाका लागि मेशीनरि औजार खरिद तथा जडान कार्य वालिङ १ | खैरावाडी भगवती निर्माण सेवा | | | | १०६१७४८०.०० | १०६१७४८०.०० | यस भन्दा अघिको कार्यापालिकाको निर्णयानुसार |
| ५ | १४/२०७९/ २०८० | वडा कार्यालय भवन निर्माण वालिङ ४ | सुनिश कन्स्ट्रक्सन | ७५००००० | ६१५५४२७.६९ | ५५०१४५५.७५ | ०.०० | ६५३९७१.९४ | २०८२ साल पौष मसान्तसम्म |
| | | | | | | | | २२८३५४७३.५६ | |

नगर कार्यपालिकाको ५५ औं बैठक

आज मिति २०८२।०६।०२ गतेका दिन बालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छबिलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| ३५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रित

नि.प्रशा.अ. - कमल प्र. पाण्डे

ले.अ. - ईश्वरी प्र. तिवारी

वालिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आ.व. २०८१/२०८२

आर्थिक वर्ष २०८१/२०८२ तथा वगत आ.व. कव ठेक्का दायित्व भुक्तानी दिन बांकीको विवरण/ फाराम नं. १२१/१८

| सि.न. | बजेट उपशिर्षक न | ठेक्का नम्बर | योजनाको नाम | कू लागत स.इ.कन्टेन्जेन्सी समेत | सूचना प्रकाशन मिति | न्यून भएको निर्माण व्यसायी/फर्मको नाम, प्यान न | सम्झौता मिति | सम्झौता रकम | आ.व. २०८१/२०८२ मा भएको खर्च | आ.व. २०८२/२०८३ मा दायीत्व सरेको रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | प्रदेश सरकार समपुरक/ न.पा. लागत सहभागीता | १/२०८१/२०८२ | सुकौदी इप्रका गव्दे हुदै कागीभज्याङ्ग सडक स्तरोउन्ती वालिङ ९ र ११ | २०००४५१४.७४ | २०८१।०६।१४ | देवत्री सरोवर ईन्जिनियरिङ विल्डर्स प्रन.लि. | २०८१।८।१९ | ११८६७४३८.०३ | ८३७०२३८.०० | ३४९७२००.०३ | भु.बांकी |
| २ | संघीय सरकार समपुरक/ न.पा. लागत सहभागीता | २/२०८१/२०८२ | रामबाच्छा कसेदी रत्ने बजरडडा सिरुवारे धौखोला पातलेगैरा सिमलचौपारी ग्रामिण सडक नाला तथा पिच कार्य | २७७६८०८४.०० | २०८१।६।९ | दर्शन कन्स्ट्रक्सन प्रा.लि. | २०८१।१०।११ | १९१८१७७०.५१ | १६१४१४१९.७२ | ३०४०३५०.७९ | भु.बांकी |
| ३ | सर्शत अनुदान अन्तर्गत | ३/२०८१/२०८२ | वालिङ नगरपालिका १ सेरा-सिंडगरे ठाटी भन्ज्याङ हुदै खत्रिखोला सडक स्तरोउन्ती | ६४६९७३१.७६ | २०८१।७।१३ | एन.एस.एस विल्डर्स प्रा.लि. | २०८१।९।१६ | ६१२७८९६.१० | ५९३८०६८.०० | ०.०० | सम्पन्न |
| ४ | सर्शत अनुदान अन्तर्गत | ४/२०८१/२०८३ | भौभका देखि कहेरामुनी हुदै गढी भज्याङसम्म सडक स्तरोउन्ती वालिङ ११ | ५७९९२३४.९२ | २०८१।०८।०६ | गिरी निर्माण सेवा प्रा.लि. | २०८१।०९।२८ | ३८८२४०३.१४ | ३४९६०४९.०० | ०.०० | सम्पन्न |
| ५ | सडक वोर्ड नेपाल र नगरपालिकाको लागत सहभागीता | ५/२०८१/२०८२ | सिद्धार्थ राजमार्ग वोडिखेत देखि रामबाच्छ बांसघारी, वालिङ नयाबजार, भि.आई पी टोल, पुरानो भेटनरी, सिमलचौपारी चोक स्वास्थ्य चौकी, नगरपालिका कार्यालय गेटदेखी उपकार वचत वालिङ | १०१४५०२५.१० | २०८१।१०।१ | श्री मिलन निर्माण सेवा | २०८१।१२।५ | ८५६६०३१.८२ | ५९३४८५४.०० | २६३११७७.८२ | भु.बांकी |
| ६ | संघीय सरकार समपुरक/ न.पा. | ६/२०८१/२०८२ | वालिङ आधिखोला कोरीडोर अन्तर्गत अर्मादीखोलामा पुल निर्माण तथा तटबन्धन | ४४६६१४९८.४३ | २०८१।१०।११ | श्री डि एस निर्माण सेवा/यस वाई कन्स्ट्रक्सन एण्ड जे.भी. | २०८२।१।२२ | ३३७०९६८८५१ | १४२०९५२२.०० | १९५००१६६.५१ | भु.बांकी |
| | चालु आ.व.मा ठेक्का द्वारा सृजीत दायीत्व जम्मा | | | | | | | ८३३३५३२८.११ | ५४०९०१५०.७२ | २८६६८८९५.१५ | |

गत विषत तथा आर्थिक वर्ष २०८०/२०८१ को ठेक्का तथा विगत आ.व.को ठेक्का रकमहरुको भुत्तानी हुन बांकी विवरण

| १ | | ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत | ठेक्का सम्झौता रकम | चालु आ.व. २०८०/२०८१ मा भुत्तानी | आ.व.२०८१/२०८२ मा भुत्तानी भुक्तानी | आ.व.२०८२/२०८३ मा भुत्तानी दायीत्व सरेको/ बाकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | | २/२०८०/२०८१ | रामबाच्छा कसेदी रत्ने बजडाडासिरुवारे धौखोला पाल्लेगैरा सिमलचौपारी ग्रामीण सडक नाला तथा पिच क्रमागत- वालिङ २ | आकृती आधिखोला खुशि जे.भी./६२०९७४३६१ | ३००९२८४६.०० | १८८०११७८.८४ | ९२४४४२५.०० | ४६२३८८०.०० | ४९३२८७३.८४ | बांकी/दायीत्व |

निर्णय नं.-१,

यस वालिङ नगरपालिकाको आ.व. २०८१/०८२ मा निर्माण कार्य भएका तर सम्पन्न हुन बाँकी रहेका योजना/कार्यक्रमहरूको ठेक्काको हकमा निर्माण कार्यको म्याद थप भैसकेको हुँदा नियमानुसार प्राविधिक मूल्याङ्कनको आधारमा नियमानुसार भुक्तानी हुने र उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाहरू निर्माण कार्य सम्पन्न भैसकेको तर गत आ.व. मा निर्माण कार्य सम्पन्न भएको र अरू रकम भुक्तानी हुन बाँकी रहेको योजना/कार्यक्रमहरूको दायित्व सृजना भई बजेट समेत विनियोजन भएको हुँदा यसै साथ संलग्न विवरणको आधारमा उल्लेखित योजना/कार्यक्रमहरूको भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.-२,

वालिङ नगरपालिकाको घर नियमित तथा घर अभिलेखीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | ५/२०८०/२०८१ | वडा कार्यालय भवन निर्माण वालिङ २ | जे.एन. एस. बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | १४५५५५९४.७३ | १०२१३८४४.०० | ४८०६२०७.०० | ३३८५४७२.६२ | २०२२१६४.३८ | बांकी/दायीत्व |
| ४ | | ९/२०८०/२०८२ | वालिङ नगरपालिका भरका खानेपानीका मूल रेखाङकन गुणस्तर परिक्षण गर्ने पानी रिचार्ज प्रणाली,साना कुवा तथा हरुहरु संरक्षण गर्ने कार्य वालिङ १,२,९,११र १२ | वि.एण्ड बि. कन्स्ट्रक्सन पोखरा | १५६३८३७१.३४ | १२०४६९३२.४० | ४८४६६१०.०० | २५९१३३९.०० | ४६०८९८३.४० | बांकी/दायीत्व |
| ५ | | | फोहरमेला वयवस्थापन आयोजनाका लिग मेशीनरि औजार खरिद तथा जडान कार्य वालिङ १ | खैराबाडी भगवती निर्माण सेवा | | | | १०६१७४८०.०० | १०६१७४८०.०० | बांकी/दायीत्व |
| ६ | | १४/२०७९/२०८० | वडा कार्यालय भवन निर्माण वालिङ ४ | सुनिश कन्स्ट्रक्सन | ७५००००० | ६१५५४२७.६९ | ५५०१४५५.७५ | ०.०० | ६५३९७१.९४ | बांकी/दायीत्व |
| | | | जम्मा | | | | | | २२८३५४७३.५६ | |
| १ | | | नर वहादुर डेषटको घर देखी न्यू डायमण्डल टोल भित्री कच्ची सडक स्तरोयन्ती वालिङ ९/ टिप्पणीमा फुलवु कम रकम उल्लेख भएकोले | उपभोक्ता समिति वालिङ ९ | ९०७६४३३.०० | ९०७६०००.०० | २६२७६२७.०० | ४९१७२१६.०० | १५३११५७.०० | बांकी/दायीत्व |
| २ | | | भुम्रे खेलमैदान संरक्षण वालिङ ९ | उपभोक्ता समिति वालिङ ९ | ९२५०००.०० | ९२५०००.०० | ०.०० | ०.०० | ९२५०००.०० | सृजीत दायीत्व |
| ३ | | | वि.पि चोक भिमटारी नया सडक वालिङ ८ | उपभोक्ता समिति वालिङ ८ | ७०००००.०० | ७०००००.०० | ०.०० | ०.०० | ७०००००.०० | सृजीत दायीत्व |
| ४ | | | चालिसे पाण्डेखोला भुतगैरा कल्भर्ड निर्माण वालिङ १४ | उपभोक्ता समिति वालिङ १४ | १२८५७३२.०० | १२८५७३२.०० | ०.०० | ०.०० | १२८५७३२.०० | सृजीत दायीत्व |
| ५ | | | वि.पि चोक काफल् टोल हुदे वेश क्याम्स जाने सडक वालिङ ८ | उपभोक्ता समिति वालिङ ८ | ७३००००.०० | ०.०० | ०.०० | ०.०० | ७३००००.०० | सृजीत दायीत्व |
| ६ | | | सुन्लाबारी होमस्टे होडङ बोर्ड निर्माण वालिङ ४ | उपभोक्ता समिति वालिङ ९ | ६०००००.०० | ६०००००.०० | ०.०० | ०.०० | ६०००००.०० | सृजीत दायीत्व |
| ७ | | | मनसाडकवट धानडाडा गौपालचोक चता रामबमच्छा आधारभुत विद्यालय ग्रा.स.वालिङ १ | उपभोक्ता समिति वालिङ १ | २८९६३२९.०० | २८९६३२९.०० | ०.०० | ०.०० | २८९६३२९.०० | सृजीत दायीत्व |
| ८ | | | रुजीखोला गोरेटोबाटो- भीरकोट- विरुवा जोडेले सडक- वालिङ ३ | उपभोक्ता समिति वालिङ ३ | ५००००.०० | ५००००.०० | ०.०० | ०.०० | ५००००.०० | सृजीत दायीत्व |
| ९ | | | बर्तुङ टोलमा कुमाड काटा गर्ने बेला भत्कीएको प्रर्खाल काम सम्पन्न/बुर्तुङ क्रियापुत्री भवन निर्माण उ.स. वालिङ १० | उपभोक्ता समिति वालिङ १० | ४६०००.०० | ४६०००.०० | ०.०० | ०.०० | ४६०००.०० | सृजीत दायीत्व |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | | नेपाल नगरपालिका संघ भवन निर्माणको कार्यको लागि सहयोग/कार्यपालिकाको निर्णयानुसार | नेपाल नगरपालिका संघ | ५०००००.०० | ५०००००.०० | ०.०० | ०.०० | ५०००००.०० | सृजीत दायीत्व |
| ११ | | | सुन्ला विरवा खरिदकव वालिङ १३ /वालप्रसाद डुम्रे | १३ /वालप्रसाद डुम्रे | ३७५००.०० | ३७५००.०० | ०.०० | ०.०० | ३७५००.०० | सृजीत दायीत्व |
| १२ | | | लोड नलोड /जाली ढुवानी समेत वालिङ ४ | दयारमा खनाल | ५०००.०० | | | | ५०००.०० | सृजीत दायीत्व |
| १३ | | | जस्तापाता वालिङ १४ | धन बहादुर कनौजे | २६६९६.०० | | | | २६६९६.०० | सृजीत दायीत्व |
| १४ | | | बलीभद्रे कृषि सडक सफाई वालिङ १३ | गरि निर्माण सेवा | १६८१४.०० | | | | १६८१४.०० | सृजीत दायीत्व |
| १५ | | | गल्याङ र पुतलीबजारबाट रुहरु ल्याउदाको ढुवानी | जिवन भुर्तेल | १००००.०० | | | | १००००.०० | सृजीत दायीत्व |
| १६ | | | डाडाखर्क मनसुनजन्य विपद/ गोभाने कृषि सडक पेशु देउराली समेत | एस.एस. वालिङ र बिपुण एण्ड रेन्का कन्स्ट्रक्सन | ११२०६२.०० | | | | ११२०६२.०० | सृजीत दायीत्व |
| १७ | | | सेरुङ मन्दिर निर्माण तथा पर्यटन क्षत्रे विकास थामडाडा | देवी रेग्मी | ३२९३३.०० | | | | ३२९३३.०० | सृजीत दायीत्व |
| १८ | | | कपासे पन्चेवाजा वालिङ १४ | धम्पासेमा | ४००००.०० | | | | ४००००.०० | सृजीत दायीत्व |
| १९ | | | बैरे अर्मादि कृषि सडक/ सम्झौता भएको रकम नभएकोले | | २०००००.०० | | | | २०००००.०० | सृजीत दायीत्व |
| २० | | | अन्धीजबारि हुदै जमिनडाडा बस्ति मोटरबाटो बालिश्र २ | केशबहादु खडक | ६५५९६.०० | | | | ६५५६९.०० | सृजीत दायीत्व |
| २१ | | | कट्टी रकम जम्मा गर्न बांकी कर दायीत्व/अग्रमी कर/ मु.अ. कर र धरौटी | | | | | | ७२५०९२.०० | कर दायीत्व |
| २२ | | | पूर्णमृत भवानीमा शौचालय/ भौतीक पूर्वाधार निर्माण/ वालिङ १० | | | | | | १००००००.०० | सृजीत दायीत्व |
| २३ | | | महेन्द्र मा.वि रेलीङ/ बार वालिङ ५ | | | | | | १०००००.०० | सृजीत दायीत्व |
| | | | चालु आ.व. मा सृजीत दायीत्व जम्मा | | | | | | ११६३५८८४.०० | |
| | | | | कुल जम्मा | | | | | ६३१४०२५२.७१ | कुल जम्मा |

नगर कार्यपालिकाको ५६ औं बैठक

आज मिति २०८२।०६।२६ गतेका दिन बालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त वहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रित

प्र.प्रशा.अ. - कमल प्र. पाण्डे

लेखा अ. - ईश्वरी प्र. तिवारी

२०८२- साल असोज २६ गतेको कार्यपालिका बैठकका निर्णयहरू

**निर्णय नं. १**

वालिङ उद्योग वाणिज्य सङ्घद्वारा वालिङ महोत्सव २०८२ सञ्चालन गर्नका लागि अनुमति माग भएको सन्दर्भमा मनोरञ्जन कर, सरसफाई शुल्क, जग्गा भाडा लगायत अन्य नियम अनुसार लाग्ने रकम भुक्तानी गर्ने गरी अनुमती दिने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय स्याङ्जा एवं सुरक्षा निकायहरूलाई गराउने निर्णय गरियो।

**निर्णय नं. २**

नगरपालिकामा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि रूम टु रिडको प्राविधिक सहयोगमा ४० वटा विद्यालयहरूमा कार्यक्रम भइरहेको सन्दर्भमा सो कार्यक्रमका लागि आवश्यक सहजीकरण गर्न नगर स्तरीय शिक्षा समितिको सिफारिस बमोजिम सहजकर्ताको रूपमा वालिङ नगरपालिका वडा नम्बर ४ स्थित तल्लो कुमेरदुङ आदिका प्रावी तह द्वितीय श्रेणीका स्थायी शिक्षक कमल गुरुङ र वडा नम्बर १३ स्थित लक्ष्मी माविका प्रा. वि. तह तृतीय श्रेणीका स्थायी शिक्षक गणेशप्रसाद पाठकलाई सहजकर्ताको रूपमा खटाउने र अनुगमन तथा सहजीकरण कार्य गर्नका लागि मासिक १५ लिटर पेट्रोल र विद्यालय अनुगमन गर्दाका दिन प्रमाणित कागजात राखी प्रतिदिन रु २००।० का दरले खाजा खर्च रुम टुरिड साझेदारी कार्यक्रमबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूका लागि नगर शिक्षा समितिले सिफारिस गरे बमोजिम दुई-दुई सेट पिङ्क कलरको कमिज/सर्ट र डार्क निलो कलरको पाइन्टको कपडाको प्राविधिक विज्ञबाट गुणस्तर मापन गराई सोको आधारमा सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पोशाक खर्च शिर्षकबाट सिलाई सहित खरिद गरी निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर शिक्षा समितिबाट सिफारिस भए बमोजिम वालिङ नगरपालिकाको भाषाभाषी, जात जाति, धर्म संस्कृति, पहिचान आदि विषय समेटिएको हाराहारी ५० शब्द भएको नगरपालिका गान रचना गरी नगरपालिकाले तोकेको समयभित्र पेश गर्न खुला सूचना आह्वान गर्ने र छनोट भएको रचनाकारलाई उचित पुरस्कारसहित सम्मान गरिने निर्णय गरियो।

**निर्णय नं. ५**

वालिङ नगरपालिकाका हरेक वडाका मुख्य दुईवटा बाटाहरूलाई अस्थायी नाला एवं ग्राभेल गरी मर्मत कार्य गर्नका लागि उपप्रमुख श्री कविता तिवारीज्यूको संयोजकत्वमा गठित तपसिल बमोजिमको समितिले तोकिएको साधन, स्रोत र समयलाई मध्यनजर गरी वार्षिक कार्यतालिका बनाई कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

संयोजक उप प्रमुख श्री कविता तिवारी
सदस्य श्री भक्त बहादुर गोतामे
सदस्य श्री लोक बहादुर कुमाल
सदस्य श्री सिता वि.क.
सदस्य श्री भगवती पाण्डे डुम्रे

**निर्णय नं. ६**

विगत वर्षदेखि नै नगरपालिका,वडा कार्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूका लागि प्रोत्साहन भत्ता, फिल्ड भत्ता एवं इन्धन सुविधा कार्यपालिकाको निर्णयका आधारमा प्रदान गर्दै आइएकोमा महालेखा परिक्षकको बार्षिक प्रतिवेदनहरुमा कार्यविधि बनाई व्यवस्थित गरी आर्थिक सुविधा उपलब्ध गराउनका लागि तपसिल बमोजिमको समितिबाट प्रस्तावित कार्यविधि तयार गरी विधायन समितिमा पेश गर्ने र विधायन समिति मार्फत कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

संयोजक श्री मणिप्रसाद रेग्मी
सदस्य श्री नारायण प्रसाद रेग्मी
सदस्य निलकण्ठ गैह्रे
सदस्य माधव प्रसाद न्यौपाने
सदस्य दिपेन्द्र गैरे
सदस्य श्री ढाकाराम गैह्रे

**निर्णय नं. ७**

वालिङ नगरपालिकाको निर्माणाधीन बसपार्क छिट्टै निर्माण सम्पन्न हुने चरणमा भएको हुँदा बसपार्क सञ्चालन कार्यविधि निर्माण गर्नका लागि विधायन समितिलाई जिम्मेवारी दिने सो कार्य गर्नका लागि कानून शाखाले आवश्यक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

पतञ्जली योगपीठ हरिद्वारबाट प्रदान गरिएको जडीबुटीजन्य बिउलाई उचित व्यवस्थापन गर्नका लागि मणिप्रसाद रेग्मीको संयोजकत्वमा रहेको समितिबाट आवश्यक पर्ने भाडामा लिने जग्गाको क्षेत्रफल, अनुकुल वातावरणीय स्थान जनशक्ति समेतको व्यवस्थापन गरी सञ्चालन गर्न आवश्यक पर्ने बजेट र सोको स्रोत समेत खुलेको पूर्ण प्रस्ताव कार्यपालिकामा पेश गरी स्वीकृत भए पश्चयात कार्य प्रारम्भ गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

सरसफाईका सम्बन्धमा वालिङ नगरपालिकासँग नियमित सम्पर्कमा रही कार्य गरिरहेको गर्ने इन्फो संस्थासँग आगामी वर्षका लागि सम्झौताका शर्त बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो

**निर्णय नं. १०**

मिति २०८२।६।५ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम, नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ११६ मिति २०८२।६।७ गतेको पत्र बमोजिम निर्णय कार्यान्वयन गर्ने/ गराउने भनी पत्राचार भएको पत्रको ग मा खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरुको सि.नं. ९ को च मा वितरणमुखि कार्यक्रम संचालन गर्न नपाईने भनी लेखि आएकोले हाल लाई नि-शुल्क स्वास्थ्य विमा संचालन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पतञ्जली योगपीठको भवन छेउ रहेको स्थानमा सरोकारवालाहरुको समन्वयमा फुड फेस्टिवल सञ्चालन गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो । सो कार्यक्रमलाई व्यवस्थित गर्नका निमित्त तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- उपप्रमुख श्री कविता तिवारी
सदस्य- १ नम्बर वडा अध्यक्ष एवं नगर प्रवक्ता श्री पदमराज गुरुङ
सदस्य- ६ नम्बर वडा अध्यक्ष श्री श्याम प्रसाद श्रेष्ठ
सदस्य- १३ नम्बर वडा अध्यक्ष श्री नमलाल डुम्रे
सदस्य- १० नम्बर वडा अध्यक्ष श्री सुनिल खनाल
सदस्य- ८ नम्बर वडा अध्यक्ष श्री दामोदर तिवारी

**निर्णय नं. १२**

वालिङ नगरपालिका कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृतको विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

यस नगरपालिकाको आ.व.२०८१/२०८२ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो ।

**निर्णय नं. १४**

वडावाट प्राप्त बजेट माग सम्बन्धमा तपसिल वमोजिमका योजनाहरूका लागि विपद शिर्षक तथा साना पूर्वाधार शीर्षकहरुबाट रकम विनियोजन गर्ने निर्णय गरियो।

| सि.न. | योजनाको नाम/ कार्यर्क्रम | लागत रु. | स्रोत/शिर्षक |
|---|---|---|---|
| १ | दोविल्ला देखि चलाउने भज्याङसम्म जाने ग्रामिण कच्ची सडक खण्डको वेङमाङ डाडवारि सम्मको सडक अति जोखिम भई सवारी आवतजावतमा असहज भएको हुदा उक्त वेङमाङ देखि डांडावारि सम्म १५० मिटर ढलान कार्यको वालिङ १२ | ४९३०००.० | प्रकोप शिर्षक |
| २ | जगतढकालपाखा सडकको खण्डको वाहुनडाडा खोल्सा सडक संरक्षण कार्य- वालिङ ५: | १५,००,००० | प्रकोप शिर्षक |

| | | | |
|---|---|---|---|
| ३ | शहरी स्वास्थ्य तथा वडा कार्यालयमा भवन व्यवस्थापन कार्य- चालिङ ६ | ४४३५००.० | प्रकोप शिर्षक |
| ४ | केवरे भञ्ज्याङ स्थित चलाउनेधारा खानेपानी मूल संरक्षण/ विपदका पहिरो गएकोले संरक्षण कार्य- चालिङ ७ | १३८०००.० | प्रकोप शिर्षक |
| ५ | चालिङ नगरपालिका वडा न १३ स्थित वडा कार्यालय बागडाँडी झ्याङ्खु १ थानपाटामा गत आ.व. मा राखिएको सि.सि.टि.भि मर्मत गर्ने तथा एम सि. शुल्क माग गरेको भनि वडा कार्यालयबाट सिफारिस सहित प्राप्त भएकोले सो सि.सि.टि.भी जडान पछि नागरीकहरुको सुरक्षाको प्रत्याभुती भएकोले सम्झौता अनुसार- | १११६२०.० | खर्च शिर्षक |
| ६ | चालिङ नगरपालिका वडा नं.९ स्थित मुडखोलाको कैनीमा निर्माणाधिन अवस्थामा रहेको दुर्गा मन्दिर अधुरो भएकोले निर्माण कार्य सम्पन्नका लागि | ५०००००.० | प्रकोप शिर्षक |
| ७ | चालिङ १४ वडा कार्यालय जाने सडक मर्मत तथा ढलान कार्य | ६०००००.० | प्रकोप शिर्षक |
| ८ | अमर आधारभुत विद्यालय संरक्षण कार्य चालिङ १४ | १०००००.० | प्रकोप शिर्षक |
| ९ | चालिङ ५ मोकोटमा बस्ने प्याउली सार्कीको घरको छाना जीर्ण भएकोले जस्तापाता | २००००.०० | प्रकोप शिर्षक |
| १० | चालिङ १३- झमन बहादुर वि.क.को छोरा नामावेच वि.क.को श्रीमती अपाङगता भएकोले घरबास नहुदा घरबासको लागि सहयोग जस्तापात- | २३०००.०० | प्रकोप शिर्षक |
| ११ | चालिङ १३ जस्तापाता, धन बहादुर थापा | २५०००.०० | प्रकोप शिर्षक |

नगर कार्यपालिकाको ५६औं बैठक

आज मिति २०८२।०८।०५ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद सम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रीत :-
ले.अ.- भोजराज बराल
जे.प्रा.अ. - कमल प्र. पाण्डे
ले.अ. - ईश्वरी प्र. तिवारी

२०८२-साल मंसिर ५ गतेको कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

चालु आवको प्रथम चौमासिकको सार्वजनिक सुनवाई कार्यक्रम मिति २०८२ साल पौषको पहिलो हप्तामा उद्योग वाणिज्य सङ्घको हलमा गर्ने र उक्त कार्यक्रममा वडाध्यक्ष एवं कार्यपालिका सदस्यहरु अनिवार्य रुपमा उपस्थित हुने निर्णय गरियो ।

निर्णय नं. २

गह्रौ कालिका मन्दिरमा सहज आवतजावत गर्ने व्यवस्था गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्नका निमित्त गह्रौ कालिका केवलकार प्राइभेट लिमिटेडले सञ्चालन अनुमति माग भएकोमा आवश्यक कानुनी व्यवस्थाहरू पूरा गरी कागजातहरु पेश गरे पश्चात पुन छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तत्कालीन अवस्थामा जिल्ला विकास समिति लगायतका निकायबाट जिल्ला सडक नामाकरण गरी मापदण्ड तय गरेकोमा उक्त मापदण्डका विषयमा हाल संशोधन गर्नुपर्ने आवाज उठेको हुँदा तत्कालीन अवस्थामा गरेको निर्णयको आधार, प्रमाण र विद्यमान कानुनको पक्षलाई समेत मनन गरी आवश्यक सुझाव दिनका निमित्त तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

*१. भुसे हुवास सडक मापदण्ड सुझाव समिति-*

संयोजक- वडा नं. ९ का वडा अध्यक्ष श्री शेरबहादुर श्रेष्ठ
सदस्य- वडा नं. १४ का वडा अध्यक्ष श्री बोधराज कुवर
सदस्य- कार्यपालिका सदस्य श्री भगवती पाण्डे डुम्रे
सदस्य- कार्यपालिका सदस्य श्री लोक बहादुर कुमाल
सदस्य- वडा सचिव वडा नं.-९
सदस्य सचिव- वडा नं. ९ को प्राविधिक

*२. मिर्दी जगत भिमाद तथा जगत-चापाकोट सडक मापदण्ड सुझाव समिति-*

संयोजक- वडा नं. ६ का वडा अध्यक्ष श्री श्याम कृष्ण श्रेष्ठ
सदस्य- वडा नं. ५ का वडा अध्यक्ष श्री छविलाल आले
सदस्य- वडा नं. ७ का वडा अध्यक्ष श्री पाण्डु कुमार थापा
सदस्य- कार्यपालिका सदस्य श्री जुनु थापा
सदस्य- वडा सचिव वडा नं.-६
सदस्य सचिव- वडा नं. ६ को प्राविधिक

*३.त्रि यासी खहरे-रत्ने विरुवा सडक मापदण्ड सुझाव समिति-*

संयोजक- वडा नं. १ का वडा अध्यक्ष श्री पदमराज गुरुङ
सदस्य- वडा नं. २ का वडा अध्यक्ष श्री पोतप्रसाद लम्साल

सदस्य-   वडा नं. ४ का वडा अध्यक्ष श्री हरि प्रसाद खनाल

सदस्य-   कार्यपालिका सदस्य देवी माया वि.क.

सदस्य-   वडा सचिव वडा नं.- १

सदस्य सचिव- वडा नं. १ को प्राविधिक

निर्णय नं. ४

वालिङ नगरपालिकाको आवासीय विद्यालय संचालन कार्यविधि- २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस वालिङ नगरपालिका वडा नं.८ निवासी निर्मल दमैले घर निर्माणको लागि यस नगरपालिकामा प्रकियागत घर नक्सा पासको लागि निवेदन दर्ता गरेकोमा सधियारको दावी विरोधको समय सिमाभित्र सधियाराको उजुरी  यस वालिङ नगरपालिकाको न्यायीक समितिमा समेत दर्ता भएकोले सो सम्बन्धमा दुवै पक्ष बीच छलफल भई न्यायीक समितिको गरेको निर्णय. यस नगर कार्यपालिकाको बैठकमा छलफल हुदा न्यायीक समितिको निर्णय बमोजिम नक्सापास स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगर कार्यपालिकाको मिति २०८२।६।२६ गतेको निर्णय नं.११ बमोजिम गठित समितिको प्रत्यक्ष निगरानीमा हुने पतञ्जली योगपीठको भवन छेउ रहेको स्थानमा सरोकारवालाहरुको समन्वयमा फुड फेस्टिवल सञ्चालन गर्नका लागि आवश्यक रकम व्यवस्थापन गर्न चालु आ.व.मा स्वीकृत भएको महिला उद्यमी शीर्षकबाट खर्च गर्ने र सो खर्च शीर्षकलाई नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नगर उपप्रमुख श्री कविता तिवारी गैहे ज्यू निजी कामका सिलसिलामा वैदेशिक भ्रमणमा जानु हुने भएकोले विदा स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस वालिङ नगरपालिकाको राजश्व परामर्श समितिको निर्णयको सिफारिस तथा नगरसभाबाट स्वीकृत आर्थिक ऐन, २०८२ बमोजिम आन्तरिक आयवृद्धिका लागि नगरपालिकाको क्षेत्रमा रहेको आधिखोलाको नदीजन्य सामाग्री-ढुङगा गिटी बालुवा उत्खनन कार्यको लागि स्वीकृत भएको वातावरणीय प्रतिवेदन IEE बमोजिम उत्खनन कार्यका लागि नियमानुसार बोलपत्र आव्हान गरिएकोमा उक्त बोलपत्रहरुको ठेक्का सम्झौता भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

घाट नं.१ भिरकोट नगरपालिकाको सिमाना देखी तल सुकौर्दी पुलको मापदण्ड सम्मको क्षेत्र, बोलकबोल अंक रुकम रु. ६८००००0.०० 

घाट नं.२ सुदौर्दी पुलको मापदण्ड तल देखी गल्याङ नगरपालिकाको सिमाना सम्मको क्षेत्र, बोलकबोल अंक रुकम रु. ५०६२४००.००

निर्णय नं. ९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ बमोजिम यस नगरपालिकाको चालु आ.व.२०८२/२०८३ को प्रथम चौमासिक आय-व्याय विवरण अनुमोदन गरी सम्वन्धित निकायमा पठाईएको तथा कार्यालयको वेयबसाईडमा समेत राखे निर्माण गरियो ।

निर्णय नं. १०

वयरघारी पिस युथ क्लवद्धारा आयोजना गरिएको पालिका स्तरीय भलिवल प्रतियोगीतामा यस नगरपालिकावाट सहभागि भएको सचिन गाहा मगरको टिमले माग गरेको खर्च रकम नगरपालिकाको चालु आ.व. २०८२/२०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खेलकुद विकास कार्यक्रमबाट रु.५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

वडा प्रहरी कार्यालय वालिडवाट प्रशासनिक भवन निर्माण तथा हिरासत कक्ष लगायत अन्य अस्थायी संरचना निर्माणको लागि माग भएको लागत अनुमान रु.३४३०००.०० यस कार्यालयको वार्षिक स्वीकृत साना पूर्वाधार कार्यक्रमबाट योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ४८ औं बैठक

आज मिति २०८२।०८।१५ गतेका दिन बालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक वहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रीत:-

ले.अ.- भोजराज बराल

जे.प्रा.अ.- कमल प्र.पाण्डे

ने.अ.- इश्वरी प्र.तिवारी

२०८२-साल मंसिर १५ गतेको कार्यपालिकाको बैठकका निर्णयहरू

निर्णय नं. १

यस नगर कर्यपालिकाको मिति-२०८२।६।२६ गतेको कार्यपालिकाको निर्णयद्धारा गठित फुड फेस्टिवल/प्रथम सडक खाना महोत्व संचालन कार्यका लागि गठन भएको व्यवस्थापन मितिको निर्णय बमोजिम मिति २०८२।८।५ गतेको नगर कार्यपालिकाको निर्णय नं.६ बमोजिम सो कार्यक्रम संचालनका लागि तत्काल रकमको आवश्यक पर्ने भएकोले सो खर्च व्यवस्थापन गर्न यस कार्यालयका कर्मचारी सिता काफ्लेलाई रु.४ लाख पेश्की दिने निर्णय गरियो । साथै सो फुड फेस्टीवल संचालनका लागि प्रति स्टल प्रति दिन रु.१ हजार लिने निर्णय गरियो ।

निर्णय नं.२

हेभी मेशिनरी औजार संचालन तथा व्यवस्थापन कार्यका लागि गठन भएको समितिको निर्णय बमोजिम हाल प्रत्येक वडाका दुई वटा महत्वपूर्ण सडकहरु वडाको सिफारिसमा सडक स्तरोउन्ती/ग्राभेल गर्ने कार्य भई रहेको अवस्थामा छिटो काम सक्न सूचीकृत भएका डोजर/टिप्पर समेतहरुवाट सो कार्य गर्ने तथा वजेट स्रोतलाई समेत मध्यनजर गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/२०८३ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा स्रोत सुनिश्चित पश्चात संचालन हुने योजना तथा कार्यक्रमको लागत साझेदारी कार्यक्रम वजार तथा शहरी क्षेत्रमा ६०/४० र ग्रामीण क्षेत्र ७०/३० को लागत साझेदारी कार्यक्रम संचालन गर्न वडाहरुवाट कार्यक्रम योजना माग भएकोले मिति २०८२।९।१५ गते सम्मको म्याद तोकि योजना माग गर्ने र लागत साझेदारीको रकम यस कार्यालयको विविध खर्च खातामा रकम जम्मा गरी नियामनुसार बोलपत्र आव्हान गरि निर्माण कार्य प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.४

वालिङ नगरपालिका वडा नं. ९ को वडा कार्यालय भवन निर्माण कार्यका लागि रहेको अधुरो भवन सम्पन्न गर्न वडाबाट विनियोजन भएको बजेटवाट कार्य गर्दै जाने तथा केही नपुग रकम समेत स्रोत व्यवस्थापन गर्ने गरी कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.५

यस वालिङ नगरपालिका क्षेत्र भित्र रहेका बैक तथा वित्तिय संस्थाहरुवाट हुने लिलामी प्रक्रियाहरुमा सम्वन्धीत जग्गा तथा घरधनीहरुको समेतको रोहबरमा सहजीकरणका लागि अध्यक्षहरुले सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.६

चालु आ.व. २०८२/२०८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरु संचालन गर्ने क्रममा वजेट स्रोत तथा निकासा/ आम्दानीलाई समेत मध्यनजर गरि केही योजना तथा कार्यक्रम संशोधन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगर कार्यपालिकाको मिति २०८०।९।२५ गतेको वोर्ड बैठकको निर्णय नं.७ बमोजिम वालिङ नगरपालिकाको विगत आर्थिक वर्षको राजश्व वांडवाडको रकम तत्कालिन जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको कार्यालयमा रहेको हुदा वालिङ नगरपालिका वडा नं. १० को वडा कार्यालय भवन निर्माण कार्यको लागि विगत वर्षहरुमा समेत माग गरिएकोमा हालसम्म रकम निकासा नभएको हुदा लागत साझेदारीमा भवन निर्माण कार्य गर्न सो रकम पुन:मागगर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सिद्धार्थ युनियन वालिङ ९ भकुण्डे ठाडोलाईनद्धारा संचालन गरिएको फुटवल खेलका लागि रकम माग गरिएकोमा चालु आ.व. २०८२/२०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खेलकुद विकास कार्यक्रमवाट रु.५० हजार रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

यस वालिङ नगरपालिकाको लागत साझेदारीमा संघिय सरकारको समपुरक अनुदान रकमवाट संचालन हुने आधिखोला करिडोर योजना क्रमागत रुपमा संचालन हुने गरी संघीय सरकारवाट योजना समावेश भई आएको र नगरसभावाट समेत उक्त योजना स्वीकृत भएकोले सो योजनाको कुल लागत रु.२,९९,७९,७२६.०० भएकोले सो लागत स्वीकृत गरी नियमानुसार वोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

वालिङ नगरपालिका वडा नं. १४ स्थित हुम प्रसाद डुम्रेको फौदिखोला हुदे डुम्रे भज्याङ जोडने सडक मर्मत कार्य गर्दा खेती योग्य जमिनमा क्षेत्रि भएकोले सो माटो व्यवस्थापन कार्यका लागि रकम माग भएकोले खेती योग्य जमिन व्यवस्थापन कार्यका लागि सानापूर्वाधार शिर्षकवाट रु.१६०००.०० वरावरको प्राविधिक मूल्याङकनका आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिकाको नगर कार्यपालिका सदस्य श्री देवीमाया वि.क.को वुवाको स्वर्गारोहण भएकोले मृतआत्माको चिरशान्तिको कामना गदै शोकाकुल परिवारजनमा धैर्यधारणा गर्ने शक्ति मिलोस भनि कामना गर्ने निर्णय गरियो

नगर कार्यपालिकाको ५९ औ बैठक

आज मिति २०८२।०९।१८ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्डं पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रित

ले.अ. भोजराज बगाले

जे.सु.क. - कमल प्र. पाण्डे

ले.अ - उज्वल प्र. तिवारी

२०८२ साल ९ महिना १८ गतेको वैठकका निर्णय

निर्णय नं.-१

वालिङ्ग नगरपालिकाको १९औं नगरसभा मिति २०८२ साल पौष ३० गते गर्ने निर्णय गरियो।

निर्णय नं.-२

वालिङ नगरपालिकाका मुख्य तीनवटा बाटोहरूको मापदण्ड सम्वन्धमा गठित सुझाव सिफारिस समितिको प्रतिवेदन आएपछि पुन छलफल गर्ने निर्णय गरियो।

निर्णय नं.-३

वालिङ नगरपालिकामा रहेको सडक डिभिजनको इकाइ कार्यालयलाई सडक डिभिजन कार्यालय, स्याङ्जाको रुपमा वालिङमा नै कार्यालय राख्नका लागि सडक विभागमा लेखी पठाउने निर्णय गरियो। साथै सडक डिभिजन कार्यालयको वडा नं.-१० भकुण्डेमा स्वामित्वमा रहेको वालिङ नगरपालिका वडा नम्वर १० भकुण्डेको जग्गामा खुलापार्क वनाइ उचित व्यवस्थापन गर्नका लागि नगरपालिकाले उक्त जग्गा लिजमा लिनको निमित्त सडक विभाग काठमाडौंमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.-४

प्रदेश सरकारसँगको आर्थिक सहकार्य एवं मालपोत तथा नापी कार्यालय, वालिङको सहयोगमा वालिङ नगरपालिकाको सार्वजनिक वाटोहरूमा परेको व्यक्तिगत जग्गाको क्रमश लगतकट्टा गर्ने कार्य प्रारम्भ गर्ने निर्णय गरियो।

निर्णय नं.-५

वालिङ नगरपालिकामा कृषि हाटवजार सञ्चालन गर्नका लागि सरकारवालासँग छलफल एवं सम्भाव्यताको अध्ययन गरी आवश्यक सुझाव दिनका लागि तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

संयोजक - श्री कविता तिवारी गैह्, उपप्रमुख वालिङ नगरपालिका

सदस्य- श्री पदमराज गुरुङ, वडा अध्यक्ष वडा नं.-१
सदस्य- श्री दामोदर तिवारी, वडा अध्यक्ष वडा नं.- ८
सदस्य- श्री सिता वि.क., कार्यपालिका सदस्य
सदस्य- प्रतिनिधि , मुक्तिनाथ कृषि कम्पनी
सदस्य- प्रतिनिधि, वालिङ उद्योग वाणिज्य संघ
सदस्य- प्रतिनिधि, वालिङ चेमम्वर अफ कमर्स
सदस्य- प्रतिनिधि, त्रियासी कृषि सहकारी संस्था
सदस्य- पुण्य अर्याल, अकला नमुना कृषि सहकारी संस्था
सदस्य- अध्यक्ष, वालिङ फलफूल तथा तरकारी व्यवसायी संस्था
सदस्य- अध्यक्ष, वालिङ प्रोडक्ट होल्डीङ वहुउद्देशिय सहकारी संस्था
सदस्य- शिव डुम्रे, हरितज्योति कृषि सहकारी संस्था
सदस्य- प्रतिनिधी, हेफर कार्यक्रम
सदस्य -
सदस्य सचिव - शाखा प्रमुख कृषि शाखा

निर्णय नं.-६

वालिङ न.पा. भित्र सञ्चालित वार्ड नं. १, ६, ८, ९ र १० मा विगतवाट सुरक्षित खानेपानी संचालनमा रहेकोमा थप वडाहरुमा सुरक्षित खानेपानी वडा नं.११, १२ र १३ मा विस्तार र मर्मत गर्नको लागि डि.पि.आर, डिजाईन, स्टीमेट र लागत सहितको परियोजनाको १० प्रतिशत लागत यसै नगरपालिकाले व्यहोर्ने गरी भारतीय राजदुतावासको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

मालपोत कार्यालय वालिङसँग समन्वय गरी वडा कार्यालयहरूमा जनशक्ति एवं अन्य आवश्यक व्यवस्थापन गरी भूसेवा केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.-८

घ वर्गको ईजाजत पत्र सम्वन्धी निर्माण व्यवसायी दर्ता/नवीकरण खारेजी तथा नामसारी र सो संग सम्वन्धित आदि कार्यहरु गर्न जाँचवुझ समितिको मिति २०८२/०८/१३ र २०८२/०९/१५ गतेको निर्णयवाट सिफारिस भई आएका तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

तपसिल :

१. हिम्मत निर्माण सेवा प्रा.लि., वालिङ-१४
२. मेगा विल्डर्स, वालिङ - ९
३. हाई स्काई विल्डर्स प्रा.लि., वालिङ- १४
४. प्हच्यू होम निर्माण सेवा, वालिङ -१४

निर्णय नं.- ९

यस वालिङ नगरपालिकामा नगर स्तरीय आमा नृत्य प्रतियोगिता कार्यक्रम संचालन भएको हुँदा सप्पतक संगीत सांस्कृतिक केन्द्रद्वारा आयोजित कार्यक्रमको लागि चालु आ.व. २०८२/०८३ मा महिला तथा बालवालिका अन्तरगत महिला लक्षित सिप विकास शिर्षकवाट रु १ लाख भूक्तानि दिने निर्णय गरियो।

निर्णय नं.- १०

वालिङ न. पा. वडा नं.-६ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयवाट विद्यालय पूर्वाधार अन्तरगत खेल मैदान व्यवस्थापन/ सम्माउने कार्य र पंखा जडान कार्यका लागि पेश भए बमोजिम रु १०९६४२.० रकम विद्यालयको खातामा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.- ११

वालिङ नगरपालिका वडा नं. -१३ स्थित वाहविसे मैदाने कुलो सरसफाई तथा वाँध संरक्षण का लागि विपद शिर्षकवाट रु१ लाख रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.- १२

वालिङ नगरपालिका वडा नं.- १४ स्थित विभिन्न स्थानहरुमा वर्षादको समयमा सडक अवरुद्ध भई आवत जावतमा समस्या भएको हुँदा सडक सफाई कार्यका लागि विपद शिर्षकबाट रु १,९५,९९९.० रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.- १३

गह्रौकालिका केवलकार प्रा.लि. ले संचालन अनुमतिका लागि सिफारिस माग गर्नु भएकोले माग भएको योजना प्रचलित कानुन वमोजिम रितपूर्वक हुने गरि सिफारिस दिने निर्णय गरियो।

निर्णय नं.-१४

वालिङ नगरपालिकाका शाखाहरु तथा वडा कार्यालयबाट योजना संशोधन, रकमान्तरका लागि सिफारिस भई आएका योजनाहरु नगर सभामा पेश गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ६० औं बैठक

आज मिति २०८२।०९।२८ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैंहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रीत

ले.अ.- भोजराज काफ्ले

जी.सा.अ.- कमल प्र. पाण्डे

ले.अ.- इश्वरी प्र. तिवारी

पौष २८ गतेको कार्यपालिकाको निर्णयहरू

निर्णय नं.- १

गत वैठकको निर्णयहरूको समीक्षा गरियो।

निर्णय नं.- २

वडा तथा नगरवाट योजना संशोधनका सम्बन्धमा प्राप्त निवेदन उपर छलफल गरियो।

निर्णय नं.- ३

वालिङ नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८२ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- ४

वालिङ नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण विधेयक, २०८२ नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.- ५

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८२ पारित गर्ने निर्णय गरियो।

निर्णय नं.- ६

वालिङ नगरपालिकाको कृषि रणनीति २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.- ७

नगरपालिका क्षेत्रमा घुम्ती व्यापारीहरूद्वारा नगरपालिकासँग अनुमति नलिइ व्यापार गर्दै हिँडेको सम्बन्धमा गुनासो आएको हुँदा उद्योग वाणिज्य सङ्घ, वालिङ चेम्बर्स अफ कमर्स, फलफुल व्यवसायी समिति, तरकारी व्यवसायी समिति लगायत सरोकारवाला पक्षहरूसँग अन्तरक्रिया गरी बजारलाई थप व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं.- ८

वालिङ नगरपालिका स्वयंले एफएम सञ्चालन गर्ने सम्वन्धमा विद्यमान कानुनी व्यवस्था, आवश्यक पर्ने उपकरण खर्च लगायतका विषयमा अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं.- ९

वालिङ नगरपालिकाको आ.व. २०८२/०८३ को प्रथम अर्धवार्षिक शाखागत प्रगति प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.- १०

वालिङ नगरपालिकाको विषयगत समितिको प्रतिवेदन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- ११

कार्यविधि अनुसार घर अभिलेखिकरण एवं नियमित गर्दा अनिवार्य रुपमा पिङ्क कलर लगाउनु पर्ने निर्णय गरियो।

निर्णय नं.- १२

वालिङ नगरपालिकाको सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण विधेयक, २०८२ नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.- १३

सिरा- साईन- भिलेज टोल फपूटसर- ईलाका वन कार्यालय — धाराको चौर — पानी टयाङ्की- नयावजार — सुर्कौदी अमले सडक मर्मत सम्भार वालिङ ८,९,१० र ११ मा गर्ने निर्णय गरियो ।

निर्णय नं.- १४

वालिङ जेसिस द्वारा संचालित पुरुष डवल ब्याट्म्यान्टिन प्रतियोगिताको कार्यक्रम संचालनको लागि रु ५० हजार रकम खेलकुद शिर्षक वाट भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं.- १५

यस वालिङ नगरपालिका कार्यालय द्वारा संचालित १५ वेडको प्राथमिक अस्पतालको निर्माण कार्य हुँदा प्राविधिक प्रतिवेदनको आधारमा ११ औं रनिङ विलमा नगर प्रमुख स्तरिय निर्णय द्वारा भूक्तानि गरिएकोमा उक्त निर्णय अनुमोदन गरियो ।

नगर कार्यपालिकाको ३९.. औं बैठक

आज मिति २०८२।०९।३० गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री वोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

आमन्त्रीत

ले.अ. - भोजराज बगाले

ले.अ. ~~[illegible]~~ - इश्वरी प्र. तिवारी

ओ.सि.अ. - कमल प्र. पाण्डे

पौष ३० गतेको कार्यपालिकाको निर्णयहरू

निर्णय नं. १

नगर कार्यपालिकाको १८ औ नगरसभाबाट आर्थिक वर्ष २०८२/२०८३ को लागि स्वीकृत वार्षिक नीति कार्यक्रम तथा बजेटमा सर्शत अनुदान तथा विभिन्न किसिमका अनुदानहरुमा बजेट निकासा हुदा घटबढ हुने भएमा सोही बमोजिम संशोधन भएमा वार्षिक बजेटका सिद्धान्तका लक्ष्य हासिल गर्ने क्रममा नगरवासिहरुको लागि प्रत्यक्ष फाईदा पुग्ने खालाका कार्यक्रम तथा योजनामा बजेट संशोधन गर्न कार्यपालिका मार्फत १९ औ नगरसभामा पेश भई छलफल हुदा संशोधित बजेट तथा कार्यकम माथि रफावार छलफल भएकोले नगर प्रवक्ता श्री पदमराज गुरुङ ज्यूले पेश गर्नु भएको आय व्ययको संशोधित विवरण तथा अठारौ नगरसभाले स्वीकृत गरेका वार्षिक बजेटका सिद्धान्तका लक्ष्य हासिल गर्ने क्रममा नगरवासिहरुको लागि प्रत्यक्ष फाईदा पुग्ने खालका कार्यक्रम तथा योजनाहरुमा बजेट संशोधन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. -२

नगरपालिकाका विभिन्न विषयगत समितिबाट प्राप्त भएको प्रतिवेदनहरु नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. -३

विधेयक समितिका संयोजकले तपसिल बमोजिमका विधेयकहरु १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१. बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५ को पहिलो संशोधन विधेयक-२०८२

२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक- २०८२

३. जलचर तथा जलिय जैविक विविधता संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२

४. सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण ऐन २०८२ व्यवस्था गर्न बनेको विधेयक-२०८२

निर्णय नं. -४

आर्थिक ऐन २०८२ का करका दरहरुमा थप गर्ने कार्यको लागि आर्थिक ऐन- २०८२

लाई नगर सभामा पेश गर्ने निर्णय गरियो । साथै करका दरहरु-देहाय बमोजिम रहेका छन्,

## सरसफाई केन्द्रवाट निस्कने फोहोरजन्य सामाग्री विक्री सम्वन्धी दर रेट

| क्रमसङ्ख्या | सामग्रीको नाम | न्यूनतम दर प्रति के.जि. रु./ |
| --- | --- | --- |
| १. | रङ्गीन सिसा | रु. २ |
| २. | सेतो सिसा | रु. ३ |
| ३. | वोतल जन्य सामग्री | रु. ३० |
| ४. | गुडियाजन्य सामग्री | रु. ३० |
| ५. | नरम प्लास्टिक | रु. ५ |
| ६. | डस्टि | रु. १२ |
| ७. | कपडा | रु. ५ |
| ८. | टिन | रु. ११ |
| ९. | फलाम | रु. ३५ |
| १०. | कचडा | रु. ३ |

र अन्य राजस्व परामर्श समितिको निर्णय अनुसार नगरसभामा पेश गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.- ५

यस वालिङ नगरपालिका कार्यालयको चालु आ.व. को लागि विशेष अनुदान अन्तरगत पेश भएको प्रस्ताव वमोजिम रकम तथा वजेट कम विनियोजन भएको हुँदा चालु आ.व. मा कार्यान्वनका लागि पेश भएको संसोधित वजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।साथै संसोधित प्रस्ताव संलग्न गरिएको छ ।

नगर कार्यपालिकाको ६९ औं बैठक

आज मिति २०८२।१०।१२ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांग ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांग | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल ढुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय ढुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

माग १२ गतेको कार्यपालिकाको निर्णयहरू

निर्णय नं.- १

यस वालिङ नगरपालिका कार्यालयको आगामी आ.व. २०८३/०८४ को लागि समपुरक अनुदान अन्तरगतको योजना—आँधिखोला कोरिडोर (क्रमागत) योजना र विशेष अनुदान अन्तरगत कृषि तर्फ पेश भए वमोजिमको प्रस्ताव बमोजिमको कार्यक्रम संचालनका लागि राष्ट्रिय योजनामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- २

यस वालिङ नगरपालिका कार्यालय द्वारा संचालित राष्ट्रपति रनिङशिल प्रतियोगिता संचालनमा भएको खर्च विवरणहरु नगर शिक्षा समिति द्वारा वृहत छलफल तथा अध्ययन गरि खर्च अनुमोदनको लागि सिफारिस गरेकोले उक्त खर्च भूक्तानी दिने निर्णय गरियो ।